महाभारत गाउँपालिका
Mahabharat Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
देविटार, काभ्रेपलाञ्चोक
Devitar, Kavrepalanchok
स्था: २०७३ / Estd. : 2073

बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

प. सं./Letter No.:- ०८२/०८३

च. नं./Ref. No.:- ८०

मितिः २०८२।०५।०४

विषयः नविकरण गर्ने सम्बन्धमा ।

श्री सामुदायिक सिकाइ केन्द्र सबै,
महाभारत गाउँपालिका, काभ्रे ।

प्रस्तुत विषयमा यस गाउँपालिका भित्र सञ्चालित सामुदायिक सिकाई केन्द्रहरुको सामुदायिक सिकाई केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ र नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यान्वय कार्यविधि २०८२।०८३ को क्रियाकलाप नं २.७.१३.११ मा तोकिए बमोजिम नवीकरण गर्नु पर्ने भएकोले तपसिलका कागजात सहित भाद्र मसान्तभित्र नवीकरण गर्न आउनुहुन अनुरोध गरिन्छ । यदि तोकिएको समयमा नवीकरण नगरेमा सासिकेलाई प्रदान गरिने कुनै पनि अनुदान रकम उपलब्ध गराउन नसकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

१. वार्षिक साधारण सभा भएको र साधारण सभाबाट आगामी वर्षको लागि स्वीकृति वा पारित गरेको बजेट तथा कार्यक्रम
२. साधारण सभाको बैठकबाट स्वीकृत गरेको गत आ.व. को खर्चको विवरण
३. सासिकेको स्वीकृति पत्रको प्रतिलिपि
४. सासिके यस अघिको नवीकरण पत्रको प्रतिलिपि
५. गत आ.व. को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि
६. परिचालिकाको नियुक्ति पत्र सहित शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु
७. सामुदायिक सिकाई केन्द्रको बैंक खाताको नाम र खाता नम्बर
८. केन्द्र व्यवस्थापन समितिका पदाधिकारीहरुको नामावली र निर्णय प्रतिलिपि
९. वार्षिक रुपमा संचालन गर्ने कार्यक्रमहरुको प्रस्तावना
१०. शैक्षिक सूचना व्यवस्थापन प्रणालीको प्रतिवेदन

(राम बहादुर तामाङ)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः श्री सूचना प्रविधि शाखा- सूचना Website तथा Facebook page मा अपलोड गरी सम्प्रेषण गर्नुहुन ।



CamScanner